17th April, 2026 Friday

आकाशवाणी

## प्रमुख समाचारहरुबाट

१. महिला आरक्षणसम्बन्धी विधेयकमा लोकसभामा छलफल
२. श्री हरिवंश नारायणसिंह लगातार तेस्रो पटक राज्यसभाका उपसभापतिको रुपमा निर्वाचित
३. पश्चिम बंगाल र तमिलनाडु चुनाव प्रचार तीव्र गतिमा
४ .सरकारले पश्चिम एसियामा संकट जारी रहे पनि देशभरि घरेलु एलपीजी आपूर्ति स्थिर रहेको दिए जानकारी

------------

### *१. महिला आरक्षणसम्बन्धी विधेयकमा लोकसभामा छलफल*

लोकसभामा आज संविधान १०३१, संशोधन विधेयक २०२६, परिसीमन विधेयक २०२६ र केन्द्रशासित प्रदेश कानुन (संशोधन) विधेयक २०२६ माथि पुनः छलफल सुरु भयो। यी विधेयकहरूको उद्देश्य लोकसभा तथा राज्य र केन्द्रशासित प्रदेशका विधानसभामा महिलाको सहभागिता बढाउनु हो। विपक्षी दलका नेता श्री राहुल गाँधीले नारी शक्ति वंदन अधिनियमलाई वास्तविक महिला आरक्षण विधेयक नभएको दाबी गर्दै यसले महिला सशक्तिकरणसँग सम्बन्ध नराख्ने बताएका छन्। उहाँले यसलाई चुनावी नक्सा परिवर्तन गर्ने प्रयास भएको र दलित तथा अन्य छुटेका वर्गको अधिकार कमजोर पार्ने आरोप लगाए।लोकसभा अध्यक्ष श्री ओम बिरलाले श्री राहुल गाँधीको अभिव्यक्तिमा आपत्ति जनाउनु हुदै विषयमा केन्द्रित हुन आग्रह गर्नुभयो । रक्षामन्त्री राजनाथ सिंह र संसदीय कार्यमन्त्री किरण रिजिजूले पनि उक्त टिप्पणीको आलोचना गर्दै माफी माग्न माग गरे।

केन्द्रीय मन्त्री श्री एच. डी. कुमारस्वामीले महिला आरक्षणलाई उपकार नभई योगदानको मान्यता भएको बताउनुभयो । महिला तथा बाल विकास मन्त्री श्रीमती अन्नपूर्णा देवीले यसलाई ऐतिहासिक उपलब्धि रहेको बताउनु हुँदै समावेशी शासनतर्फको कदम भनेकी छन्। भाजपा सांसद हेमा मालिनीले विधेयकको समर्थन गर्दै यसले महिलालाई सम्मान र प्रतिनिधित्व दिने बताउनु भएको छ। डीएमके सांसद श्री के. कनिमोझी, कांग्रेसका श्री शशि थरूर लगायतका नेताहरूले भने परिसीमन र कार्यान्वयन प्रक्रियामाथि प्रश्न उठाउँदै थप छलफलको माग गरेका छन्।

हाल यस विषयमा लोकसभामा छलफल जारी छ।

## २. हरिवंश- राज्यसभा का उपसभापति

श्री हरिवंश नारायणसिंह लगातार तेस्रो पटक राज्यसभाका उपसभापतिको रुपमा निर्वाचित हुनुभएको छ । उहाँ निर्विरोध रूपमा चयन हुनुभयो। राज्यसभामा सदनका नेता श्री जेपी नड्डाले श्री हरिवंशलाई उपसभापति चयन गर्न प्रस्ताव प्रस्तुत गर्नुभएको थियो।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले तेस्रो पटक उपसभापतिमा निर्वाचित भएकोमा श्री हरिवंशलाई बधाई दिनुभएको छ। प्रधानमन्त्री श्री मोदीले श्री हरिवंशले वर्षौंदेखि सदनमा प्राप्त हरेको अनुभवलाई आज उचित रूपमा मान्यता दिइएको बताउनुभयो। साथै, उहाँको नेतृत्वमा सदन अझ प्रभावकारी बनेको सबैले अनुभव गरेको उल्लेख गर्नुभयो। प्रधानमन्त्रीले उहाँको बुद्धिमत्ता र नेतृत्वले सदनको वातावरणलाई अझ परिपक्क र रचनात्मक बनाएको बताउनुभयो। उहाँले नयाँ कार्यकालमा पनि उही समर्पण र भावना कायम रहने विश्वास व्यक्त गर्नुभयो र सबै सांसदहरूको संयुक्त प्रयासले सदनको गरिमा अझ उचाइमा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

तेस्रो पटक राज्यसभा का उपसभापतिमा निर्वाचित भएपछि सदनमा बोल्नु हुँदै श्री हरिवंश नारायण सिंहले मतभेद र स्वस्थ बहस लोकतन्त्रको अभिन्न अङ्ग भएको उल्लेख गर्नुभयो। उहाँले सदनका नियमहरूले विषय उठाउन पर्याप्त अवसर प्रदान गर्ने भएकाले सबै सदस्यहरू ती नियमहरूको पालना गर्न बाध्य रहेको बताउनुभयो। साथै, सदनको गरिमा कायम राख्न र सदस्यहरूको अधिकार संरक्षण गर्न आफूले सक्दो प्रयास गर्ने आश्वासन पनि दिनुभयो ।

## *३. पश्चिम बंगाल - तमिलनाडु – चुनाव प्रचार*

तृणमूल कांग्रेसकी वरिष्ठ नेता एवं पश्चिम बंगालकी मुख्यमन्त्री सुश्री ममता बनर्जीले उत्तर बंगालको कूचबिहारमा चुनावी र्‍याली गर्नुभयो। केन्द्र सरकारले राज्यमा बेरोजगारीलाई मुद्दा बनाएको विषयमा उहाँले भारतीय जनता पार्टी नागरिकको कल्याणप्रति चिन्तित नभएको बताउनुभयो। उहाँले दुर्गापुर र कोलकातामा पनि जनसभाहरू गर्ने बताउनुभएको छ।

यसरी नै भाजपा नेता एवं महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले यसपटक पश्चिम बंगाल विधानसभा चुनावमा जनताले तृणमूल कांग्रेसलाई सत्ताबाट बाहिर गर्ने दाबी गर्नुभयो। पार्टी नेता तथा असमका मुख्यमन्त्री हिमंता बिस्वसरमाले आज उत्तर दिनाजपुर जिल्लाको हेमटाबादमा चुनावी र्‍याली गरिन । मार्क्सवादी कम्युनिष्ट पार्टीका मोहम्मद सलीमले उत्तर बंगालका दार्जिलिङ र अलीपुरद्वारमा जनसभाहरू गर्नेछन्।

यसरी नै तमिलनाडुमा विधानसभा निर्वाचनका लागि राजनीतिक दलका नेताहरू कडा घामको बीच पनि सक्रिय रूपमा प्रचारमा जुटिरहेका छन्। प्रचारको अन्तिम दिन नजिकिँदै जाँदा सबै दलहरूले राज्यका विभिन्न स्थानहरूमा अभियान तीव्र बनाएका छन्।
डीएमके पार्टीका नेता तथा मुख्यमन्त्री एम. के. स्टालिन ले स्वतन्त्रता सेनानी धीरन चिन्नामको २७१ औँ जयन्तीको अवसरमा श्रद्धाञ्जली अर्पण गर्दै आफ्नो प्रचार अभियान सुरु गर्नुभयो।

## ४. *नीति आयोग*

नीति आयोगका उपाध्यक्ष श्री सुमन बेरी ले आज नयाँ दिल्लीमा दिव्य भारत- भारतको आत्माको एक झलक नामक संकलनको विमोचन गर्नुभयो। यस संकलनमा सबै राज्यहरू तथा केन्द्रशासित प्रदेशहरूमा वर्षभरि सञ्चालन हुने पर्यटन कार्यक्रमहरूको विवरण समेटिएको छ। उहाँले पर्यटन प्रवर्द्धनकालागि केन्द्र र राज्यबीचको सुदृढ सहकार्यको महत्त्वमा जोड दिनु हुँदै पूर्वाधार विकास र स्थानीय क्षमताको उजागरमा राज्यहरूको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो। यसै अवसरमा पर्यटन मन्त्रालयका सचिव श्री भुवनेश कुमारले “देखो अपना देश” र “स्वदेश दर्शन” जस्ता पहलहरूले पर्यटन प्रवर्द्धन तथा पूर्वाधारलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार विकास गर्ने निरन्तर प्रयासलाई प्रतिबिम्बित गर्ने बताउनुभयो।

## ५ अन्तर मन्त्रालय ब्रीफिङ – पश्चिम एसिया

सरकारले पश्चिम एसियामा संकट जारी रहे पनि देशभर घरेलु एलपीजी आपूर्ति स्थिर रहेको जनाएको छ। नयाँ दिल्लीमा आयोजित अन्तर–मन्त्रालयी ब्रीफिङमा पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले एलपीजी आपूर्ति सामान्य रहेको र देशभर कुनै पनि स्थानमा अभावको सूचना नभएको बताउनुभयो। उहाँ अनुसार हिजोसम्म करिब ५० लाख एलपीजी सिलिन्डर घरघरमा वितरण भइसकेका छन्।

उहाँले व्यावसायिक आपूर्ति करिब ७० प्रतिशतसम्म पुनःस्थापित भइसकेको जानकारी दिनु हुँदै हिजो मात्र करिब ८,२०० टन एलपीजी बिक्री भएको बताउनुभयो।

*६. लोकसभामा डा. इन्द्र हाङ सुब्बाको अभिव्यक्ति*

लोकस ामा संविधान (१०३३ संशोधन) विधेयक २०२६, परिसीमन विधेयक २०२६ तथा केन्द्रशासित प्रदेश कानुन (संशोधन) विधेयक २०२६ को समर्थन गर्दै सिक्किमका सांसद डा. इन्द्र हाङ सुब्बाले सिक्किमको नारी शक्ति, सिक्किम क्रान्तिकारी मोर्चा र मुख्यमन्त्री प्रेम सिंह त ामाङ (गोले) को तर्फबाट प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई नारी शक्ति वंदन अधिनियम कार्यान्वयनतर्फ अघि बढाउनु भएकोमा धन्यवाद व्यक्त गर्नुभयो। यसका साथै उहाँले लामो समयदेखि बाँकी रहेको लिम्बू र तामाङ अनुसूचित जनजातिका लागि सिट आरक्षणको विषयमा पनि सदनको ध्यानाकर्षण गराउनुभयो।

७. जयशंकर–युक्रेन

भारतका विदेश मन्त्री डॉ. एस. जयशंकरले आज नयाँ दिल्लीमा युक्रेनको राष्ट्रिय सुरक्षा तथा रक्षा परिषदका सचिव श्री रुस्तेम उमेरोभसँग भेटवार्ता गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत उहाँले जानकारी दिँदै भेटका क्रममा भारत र युक्रेनबीचको द्विपक्षीय सहकार्यबारे छलफल भएको बताउनुभयो। साथै रूस–युक्रेन युद्ध सम्बन्धमा पनि दुवै नेताबीच विचार आदान–प्रदान भएको जानकारी दिनुभयो। यसरी नै राष्ट्रिय सुरक्षा सल्लाहकार श्री अजित डोभालले पनि आज नयाँ दिल्लीमा श्री रुस्तेम उमेरोभसँग भेटवार्ता गर्नुभएको छ। विदेश मन्त्रालय ले सामाजिक सञ्जालमार्फत दिएको जानकारीअनुसार, दुवै पक्षबीच द्विपक्षीय सम्बन्धको समीक्षा गर्दै रूस–युक्रेन युद्ध बारे छलफल भएको थियो

*८. आईपीएल*

इंडियन प्रीमियर लीग अन्तर्गत आज अहमदाबादमा गुजरात टाइटन्स र कोलकाता नाइट राइडर्स बीच प्रतिस्पर्धा हुनेछ। खेल साँझ साढे सात बजेबाट सुरु हुनेछ। हिजो मुम्बईमा भएको खेलमा पंजाब किंग्सले मुम्बई इन्डियन्स लाई ७ विकेटले पराजित गरेको छ। १९६ रनको लक्ष्य पछ्याउँदै पंजाब किंग्सले २१ बल बाँकी रहँदै लक्ष्य पूरा गरेको थियो ।

-------